केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/५/०७३/७४ मिति: २०७३/०९/२६

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई देहाय बमोजिमका नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७३ को निर्देशन नं. १५ अन्तर्गत देहाय बमोजिमको बुँदा नं. १५.१क थप गरिएको छ :

*१५.१क. इजाजतपत्रप्राप्त संस्थाहरुले ग्राहकलाई प्रदान गर्ने कर्जाको ब्याजदर निम्नानुसार हुने गरी तय गर्नु पर्नेछ ।*

*(क) संस्थाले आफ्नो कोषको लागत (Cost of fund) मा प्रशासनिक लागत वापत बढीमा ४ प्रतिशत विन्दुसम्म थप गरी कोष तथा प्रशासनिक लागत कायम गर्न सक्ने ।*

*(ख) खण्ड (क) बमोजिम कायम हुन आउने दरमा बढीमा ७ प्रतिशत विन्दुसम्म थप गरी कर्जाको ब्याजदर कायम गर्न सक्ने । तर, यसरी तय हुने कर्जाको ब्याजदर १८ प्रतिशत भन्दा बढी हुन नहुने ।*

*(ग) हाल कायम रहेका कर्जामा लिने ब्याजदर यस व्यवस्था बमोजिम कायम हुने दर भन्दा बढी भएमा २०७४ असार मसान्तसम्ममा यस व्यवस्था बमोजिम हुने गरी कायम गरी सक्नु पर्ने ।*

*(घ) यस व्यवस्था बमोजिम ब्याजदर कायम नगर्ने संस्थाहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३) को दफा १०० बमोजिम कारवाही गरिने ।*

*नोट: यस व्यवस्थाको प्रयोजनका लागि कोषको लागत (Cost of fund) भन्नाले संस्थाका सदस्यहरुबाट संकलित वचत रकम, सर्वसाधारणबाट संकलित निक्षेप रकम र ऋण तथा सापटीको भारित औसत ब्याजदरलाई जनाउँनेछ ।*

भवदीय,

२०७३/९/२६

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।